# के तपाईंमाथि पनि प्रविधिको दुरुपयोग भइरहेको छ?

WESNET
The Women's Services Network

### यो प्रविधिको दुरुपयोग हुन सक्छ यदि कसैले:

- तपाईंको फोन नियन्त्रणमा लिन्छ
- तपाईंको फोन तपाईंबाट खोस्छ
- तपाईंको फोन तोड्छ
- तपाईंको फोनलाई साझा बनाउन खोज्छ।



- तपाईंको अनलाइन खाताहरू नियन्त्रण गर्दछ
- तपाईंको अनलाइन खाताहरू प्रयोग गर्नबाट रोक्छ
- तपाईंले नचाहदा पनि तपाईंको अनलाइन खाताहरू प्रयोग गर्दछ।



- तपाईंका तस्बिरहरू साझा गर्दछ जुन तपाईंले अन्य मानिसहरूले नदेखून् भन्ने चाहनुहुन्छ।
- उनीहरुले भनेको कुरा नगरेसम्म तपाईंले अन्य मानिसहरूले नदेखून् भन्ने तस्बिरहरू साझा गरिदिने बताउँछन्।



### यदि कसैले तपाईंले गरिरहेको काम निम्न कुरा प्रयोग गरेर हेर्छ भने यो प्रविधिको दुरुपयोग हुन सक्छ:

- तपाईंको फोन
- गुप्त क्यामेराहरू
- एप्स।



### यदि कसैले निम्न कार्यहरूको लागि कम्प्युटर, फोन वा ट्याब्लेट प्रयोग गर्छन् भने यो प्रविधिको दुरुपयोग हुन सक्छ:

- तपाईंलाई बारम्बार सम्पर्क गरिरहन्छन्
- तपाईंलाई चित्त दुख्ने कुराहरू गरिरहन्छन्
- तपाईंलाई सजाय दिन्छन्
- तपाईंलाई वा तपाईंको परिवारको कुनै सदस्यलाई हानि पुर्‍याउने कुरा गर्छन्।




### यदि कसैले निम्न कार्यहरू गर्न एप्स वा सामाजिक सञ्जाल प्रयोग गर्छन् भने यो प्रविधिको दुरुपयोग हुन सक्छ:

- तपाईंलाई दु:ख लाग्ने कुराहरू गर्छन्
- तपाईं वा तपाईंको परिवारलाई नराम्रो देखाउने कुराहरू गर्छन्
- उनीहरूले तपाईंलाई केहि गर्ने धम्की दिन्छन्।




### यदि कसैले निम्न कार्यहरू गर्न प्रविधिको प्रयोग गर्छन् भने यो प्रविधिको दुरुपयोग हुन सक्छ:

- तपाईंले नचाहदा पनि तपाईं कहाँ हुनुहुन्छ पत्ता लगाउने
- तपाईंले नचाहदा पनि तपाईं के गर्दै हुनुहुन्छ पत्ता लगाउने
- तपाईंलाई पछ्याउने।



**यदि तपाईंमाथि प्राविधिको दुरुपयोग भइरहेको छ भने, आफ्नो सहायताकर्तासँग कुरा गर्नुहोस्।**

तपाईंले वेबसाइट मार्फत थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ।

**www.techsafety.org.au**

महिला सेवा सञ्जाल (Women's Services Network) ले यो पोस्टर तयार परेको हो।

© 2019 WESNET. सर्वाधिकार सुरक्षित छ।